आज मिति २०७५ साल श्रावण ३० गते बुधवारका दिन यस गौरीगंज गाउँपालिकाका अध्यक्ष श्री बाबुराजा श्रेष्ठ ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा निम्नानुसार निर्णय गरियो ।

**<u>उपस्थितिहरु</u>**

| पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|
| श्री बाबुराजा श्रेष्ठ | अध्यक्ष | |
| श्री दिपिन्द्र थापा | उपाध्यक्ष | |
| श्री कार्तिक लाल राजवंशी | वडा अध्यक्ष, वडा नं. १ | |
| श्री अघनु प्रसाद राजवंशी | वडा अध्यक्ष, वडा नं. २ | |
| श्री मखना महतो | वडा अध्यक्ष, वडा नं. ३ | |
| श्री कुल प्रसाद गिरी | वडा अध्यक्ष, वडा नं. ४ | |
| श्री विजय प्रसाद सिंह | वडा अध्यक्ष, वडा नं. ५ | |
| श्री बद्री नारायण यादव | वडा अध्यक्ष , वडा नं. ६ | |
| श्री रीता तामाङ्ग | कार्यपालिका सदस्य | |
| श्री सरिता शेर्पा | कार्यपालिका सदस्य | |
| श्री राधा अधिकारी | कार्यपालिका सदस्य | राधा |
| श्री लीला देवी गन्गाई | कार्यपालिका सदस्य | लीला |
| श्री भिम प्रसाद राजवंशी | कार्यपालिका सदस्य | |
| श्री जेठा मुर्मु | कार्यपालिका सदस्य | |
| श्री राज कुमार शाक्य | प्र.प्र.अ., सदस्य सचिव | |
| श्री वीरेन्द्र खड्का | प्र.प्र. | |
| | | |
| | | |
| | | |
| | | |



Scanned by CamScanner

**प्रस्ताव नं. १ : सरसफाई सामाजिक परिचालक सम्बन्धमा ।**

**निर्णय:** आ.ब. २०७४।०७५ मा यस गाउँपालिकालाई खुला दिसा मुक्त क्षेत्र घोषणा गर्ने कार्य सम्पन्न भइसकेको छ । यस घोषणाका निरन्तरता कायम गर्ने दायित्व यसै गाउँपालिकाको रहेको हुँदा उक्त घोषणाको दिगोपना कायम गर्नका लागि पुर्णसरसफाई कार्यक्रम अर्न्तगत तीन महिना सामाजिक परिचालकहरु खटाउनुपर्ने भएकोले विगत समयमा यस गाउँपालिकाका विभिन्न वडाहरुमा खटिई कार्य गर्नुभएका परिचालकहरुलाई खटाउन उपयुक्त भएकाले तपसिलमा उल्लेखित व्यक्तिहरुलाई सामाजिक परिचालकको रुपमा भाद्र १५ गते देखि लागु हुने गरी मासिक रु. १०,०००।०० (दश हजार मात्र) उपलव्ध गराई तीन महिनाको लागि परिचालन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | सामाजिक परिचालकको नाम,थर | ठेगाना | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | श्री ज्ञानु राजवंशी | गौरीगंज २ | वडा नं. १ र २ |
| २ | श्री सुमित्रा श्रेष्ठ राजवंशी | गौरीगंज ३ | वडा नं. ३ र ४ |
| ३ | श्री लाक्पा शेर्पा | गौरीगंज ३ | वडा नं. ५ र ६ |

**प्रस्ताव नं. २ : साझेदारी कार्यक्रम सम्बन्धमा ।**

निर्णय: यस गाउँपालिकाको दोश्रो गाउँसभाद्धारा चालु आ.ब. २०७५।०७६ को वजेट तथा कार्यक्रममा एकीकृत वस्ती विकास कार्यक्रम अर्न्तगत रु. ५० लाख विनियोजन भएकोमा साहारा नेपाल, झापासंग यस गाउँपालिका भित्र रहेका गरिब विपन्न परिवारलाई प्रति घर निर्माण रु. १ लाख ५० हजारका दरले ३० घरपरिवारको आवास निर्माण गर्न लाग्ने कुल खर्च रकम रु. ४५ लाख मध्ये यस गाउँपालिकासंगको साझेदारी कार्यक्रम अर्न्तगत यस गा.पा. द्धारा रु. २२ लाख ५० हजार विनियोजन हुने गरी साझेदारी कार्यक्रमका लागि मिति २०७५।४।२१ मा पत्राचार गरिएको हुँदा उक्त साहारा नेपाल, झापासंग साझेदारी कार्यक्रम अर्न्तगत गरिब विपन्नहरुका लागि आवास निर्माण अर्न्तगत रु. २२ लाख ५० हजार विनियोजन गरी अनुमोदन गर्ने भनि सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : नयां शहरी विकास आयोजना अर्न्तगत संचालन गरिने योजना सिफारिस सम्बन्धमा ।**

निर्णय: यस गाउँपालिकालाई नयाँ शहरी विकास आयोजना अर्न्तगत सम्भाव्यता अध्ययनका लागि योजनाहरु सिफारिस गर्ने क्रममा यहि मिति २०७५ श्रावण २६ गते भएको दीर्घकालिन रणनीतिक योजना निर्माण गोष्ठीका क्रममा सम्भाव्यता अध्ययनका लागि परियोजना पहिचान भई प्रस्ताव भएका तपसिल वमोजिमका योजना तथा कार्यक्रमहरुलाई यस गाउँपालिकाको बैठकबाट अनुमोदन गरी सम्वन्धित निकायमा सिफारिस गरी पठाउने भनि निर्णय गरियो ।

सामाजिक विकास क्षेत्र

| क्र.सं. | कार्यक्रम | स्थान |
|---|---|---|
| १ | सिमसार क्षेत्र प्रवर्द्धन र संरक्षण | गौरीगंज २, टटुवामारी |
| २ | लोकनाथ अतिथि सदन (लोकसेवा सदन) | गौरीगंज ३ |

Scanned by CamScanner

वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

| क्र.सं. | कार्यक्रम | स्थान |
|---|---|---|
| १ | ल्याण्डफिल्ड सहितको फोहोरमैला प्रशोधन केन्द्र | गौरीगंज ५, चिलारा दक्षिण पश्चिम रतुवा खोला |
| २ | River Front Development | गौरीगंज ३, ४ र ६ गेउरिया खोला, ७ कि.मि. (बालउद्यान र ग्रिनपार्क सहित) |
| | | गौरीगंज २, ३ र ४ कृष्णे खोला, ७ कि.मि. |

भौतिक विकास क्षेत्र

| क्र.सं. | कार्यक्रम | स्थान |
|---|---|---|
| १ | रिंगरोड निर्माण (क) | क्याम्पास मोड हुलाकी मार्ग भानु मार्गमा हुदै वडा नं. ५ छहारी चिलारा जनताचौक वडा नं ६ को देवीगंज सरस्वती आ.वि. कदमगाछी - वडा नं. २ को बगाहाचौधरी बजार आमगाछी परेवाखोपी लालमाटी विरपुर हुदै हुलाकी सडक |
| २ | रिंगरोड निर्माण (ख) | -बिरपुर देखि वडा नं. १ को भन्सार चौक, होकलबारी, चौरीबजार देवीगाडा टुनुबस्ती महाभारा बजार स्यालडागी काडोगाउ कुन्जिबारी हुदै हुलाकीसडकसम्म |
| ३ | Land Polling | वडा नं. १ मा कुन्जिबारी महाभारासम्म सडकको दायाँबायाँ, वडा नं. ३ को लागि हुलाकी सडक गौरीगंज क्याम्पस देखि हुक्कागाछी बेलडागी जाने सडक सम्म र वडा नं. ५,६ को लागि खजुरगाछी मा.वि. पश्चिम हुलाकी सडकको दाँयाबायाँ चिलारा चौकसम्म निर्माण गर्ने । |

आर्थिक विकास क्षेत्र

| क्र.सं. | कार्यक्रम | स्थान |
|---|---|---|
| १ | कोल्डस्टोर निर्माण | गौरीगंज ६, खजुरगाछी मा.वि. छेउ |
| २ | कृषि बजार निर्माण | गौरीगंज २, कोरोबारी र गौरीगंज ६ खजुरगाछी |
| ३ | पशु बजार निर्माण .बधशाला समेत | गौरीगंज १ कुन्जिबारी |
| ४ | बधशाला निर्माण | गौरीगंज ३ |



Scanned by CamScanner